GLOBAL COMMUNICATION
& Media Corner Pvt. Ltd.

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
हिलिहाङ गाउँपालिका
पञ्चमी पाँचथर

मिति २०८१।०१।२५

विषय :-प्रतिवेदन पेश गरिएको सन्दर्भमा ।

महोदय ,

प्रशतुत विषयमा यस गाउपालिकाको चालु आर्थिक वर्ष ०८०।०८१ मा सञ्चालन गर्ने विविध कार्यक्रम र योजनाको प्रभावकारिता तथा वजेट कार्यन्वयनको अवस्था सम्वन्धि सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्न त्यस गाउँपालिका र ग्लोवल कम्युनिकेशन एण्ड मिडिया कर्नर प्रा.लि.द्वारा सञ्चालित रेडियो मितेरी बिच भएको सम्फौता अनुसार मिति २०८० साल चैत २६ गते सम्पन्न अर्ध वार्षिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन यसै पत्र साथ सलग्न राखि पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

लक्ष्मी गौतम
अध्यक्ष

## हिलिहाङ गाउँपालिकाको

# सार्वजनिक सुनुवाइ कार्यक्रम

***प्रतिवेदन***

***२०८०।०८१ को अर्ध वार्षिक अवधि***

**आयोजक : हिलिहाङ गाउँपालिकाको कार्यालय**




**सहजकर्ता**

ग्लोबल कम्युनिकेसन एण्ड मिडिया कर्नर प्रालिद्धारा सञ्चालित रेडियो मितेरी ९८.२ मेगाहर्ज फिदिम पाँचथर

विषयवस्तु पेज नम्वर


१, पृष्ठभूमी

२, कार्यक्रमको उदेस्य

३, कार्यक्रमबाट अपेक्षा गरिएका उपलव्धि

४, कार्यक्रमको सम्क्षिप्त जानकारी

५, कार्यक्रमको विवरण

६,सार्वजनिक सुनुवाइमा उपस्थिति विवरण

७, हाजिरी विवरण

८,सञ्चालन प्रक्रिया

९, सार्वजनिक सुनुवाइ कार्यविधि

१०, कार्यक्रममा भएका सवाल जवाफ

११, सुजाव खण्ड

१२, सार्वजनिक प्रतिवद्धता

१३, निष्कर्ष

## *१, पृष्ठमुमि :*

विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासहरुलाई स्थानीय स्तरबाटै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ । तिनै ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन छ । जनताको आवाज तथा जनगुनासोहरुको प्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालायका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहन्छ । हिलिहाङ गाँउ पालिकाले गाँउ र वडा कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौत्तिक पूर्वाधार निर्माण, समाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाइ लगायतका विविध विषयमा जनताहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवम् सबल संस्थाको रुपमा स्थापित गर्नको लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । गाँउ पालिकाले सञ्चालन गरेका विकास निर्माण कार्यहरु तथा स्थानीय बासिन्दाहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँ पुऱ्याउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउनेछ । यसको साथै हालको वर्ष यता स्थानिय तहहरुको कार्य सम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र गाँउ पालिकाको सार्वजनिक सुनुवाई कार्यलाई सुचनाको हक दिलाउने एउटा औजारको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पार्दछ । सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनका लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन-२०६४ र नियमावली-२०६५ ले गरेको छ । सुशासन (संचालन तथा व्यवस्थापक) सम्बन्धि ऐन-२०६४ तथा नियमावली-२०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू-सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन ऐन-२०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था रहेहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि-२०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणका कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उदेस्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो । हिलिहाङ गाँउ पालिकाले सम्पादन गरेका कामसँगै यस कार्यालयको बजेट कार्यन्वयन तथा सेवा प्रवाहलाई समेट्दै विभिन्न मितिमा पहिलो,दोस्रो र तेस्रो चौमासिकको सार्व सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरियो ।

## २. *कार्यक्रमको उदेश्य*

यस कार्यक्रमको मुख्य उद्देश्य हिलिहाङ गाँउ पालिकाबाट आ.व. २०८०।०८१ को साउनदेखि पुष महिना (अर्थात) अर्ध वार्षिक अवधिमा गाँउ पालिकाका बासिन्दाहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु हो । यस कार्यक्रमका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका थिए ।

. जनगुणासाहरु सुन्नु ।

 जनताको समस्यामा छलफल गर्नु ।

. गाँउ पालिकामा एक चौमासिक अवधिमा गरिएका कामहरुको मूल्यांकन गर्नु ।

. आगामी दिनहरुमा गाँउ पालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान र सुझाव प्राप्त गर्नु ।

 हिलिहाङ गाँउ पालिका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।

 सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुका बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।

 सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।

 स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।

 सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

## ३, कार्यक्रमबाट अपेक्षा गरिएका उपलब्धि

(क) गाँउ पालिका र नागरिक बीचको सम्बन्ध अझ राम्रो हुनेछ ।

(ख) आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा र नराम्रा दुवै पक्षको कार्य मूल्यांकन हुने छ ।

## ४. कार्यक्रमको संक्षिप्त जानकारी

सार्वजनिक सुनवाई संयोजन गर्ने ब्यक्ति तथा सस्थाको नाम :- ग्लोवल कम्युनिकेशन एण्ड मिडिया कर्नर प्रा.लिद्वारा सञ्चालित रेडियो मितेरीका तर्फबाट लक्ष्मी गौतम र खविन लुइटेल फिदिम
सार्वजनिक सुनुवाईको विषय : हिलिहाङ गाउँपालिका द्धारा चालु आ.व २०७९/०८० मा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता
कार्यक्रम आयोजक : हिलिहाङ गाँउपालिकाको पञ्चमी पाँचथर

## ५, कार्यक्रमको विवरण

- मिति :२०८० चैत २६ गते
- :स्थान हिलिहाङ दरबार परिषर हस्तपुर पाँचथर
- समय : दिउसो १२ देखि साँझ ६ वजेसम्म

**जवाफदेही वक्ताहरु**

- हिलिहाङ गाँउपालिका अध्यक्ष श्री समरवहादुर अधिकारी
- हिलिहाङ गाँउपालिका उपाध्यक्ष श्री सुमित्रा उप्रेती सेढाँइ
- हिलिहाङ गाँउपालिका सातवटै वडाका वडाध्यक्ष ज्यूहरु
- कार्यपालिका सदस्य ज्यूहरु
- हिलिहाङ गाँउपालिका प्रमुख प्रशासकीय अधिकृत टोपेन्द्र सावाँ
- योजना शाखा प्रमूख (अधिकृत) प्रकाश अधिकारी
- शिक्षा शाखा प्रमूख केशव तिम्सिना
- हिलिहाङ गाँउपालिका योजना शाखा प्रमूख श्री दुर्गाप्रसाद तिम्सिना
- हिलिहाङ गाँउपालिका लेखा शाखा प्रमूख
- कृषि शाखा प्रमूख
- स्वास्थ शाखा प्रमूख श्री चन्द्र घिमिरे
- हिलिहाङ गाँउ पालिका पशुपंक्षि शाखाका प्रमूख
- हिलिहाङ गाँउ पालिका प्राविधिक शाखाका प्रमूख
- वडाध्यहरु

 कार्य पालिका सदस्यहरु

सम्पूर्ण विषयगत शाखाका प्रमूखहरु र कार्यपालिका सदस्य ज्यूहरु,अतिथि र सञ्चारकर्मी

## ६. सार्वजनिक सुनुवाइ सञ्चालन प्रकृया

**प्रारम्भिक चरण**

### (क) समन्वयात्मक बैठक

हिलिहाङ गाँउ पालिकाद्धारा चालु आ.आव २०८०।०८१ को प्रथम त्रैमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि नगरपालिकाले गरेको निर्णय अनुसार गाँउ पालिका अध्यक्ष श्री समरवहादुर अधिकार,उप प्रमूख श्री सुमित्रा उप्रेती सेढाँइ , प्रमूख प्रशासकीय अधिकृत श्री  टोपेन्द्र साँवा र योजना शाखा प्रमूख श्री प्रकाश अधिकारी रेडियो मितेरीका स्टेशन अध्यक्ष तथा सार्वजनिक सुनुवाइ कार्यक्रमका सहजकर्ता श्री लक्ष्मी गौतमले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती र सम्भौता गरियो ।

सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरियो ।

### (ख) सहजकर्ताको छनौट तथा समन्वय

हिलिहाङ गाँउ पालिका कार्यालयले आयोजना गरेको वडा र गाँउपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाँउ पालिकाको कार्यालयले ब्यवस्थापन तथा रेडियो मितेरीले समन्वयका कार्यहरु गरेको थियो । गाँउ पालिकाले सहजीकरणको सम्पूर्ण जिम्मेवारी ग्लोवल कम्युनिकेशन एण्ड मिडिया कर्नर प्रालिद्वारा सञ्चालित रेडियो मितेरीलाइ दिइएको थियो । गाँउ पालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु एवं संचारमाध्यमहरुसँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ती कसरी उपलव्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली

**सुनुवाई सम्बन्धि कार्यविधि, २०६७**

सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

## (ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार

हिलिहाङ गाँउ पालिका द्धारा चालु आ.व २०७९/०८० को दोस्रो चौमासिक अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीताअभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले रेडियो मितेरी सहित जिल्लाका सबै रेडियोहरुबाट सातदिनसम्म निरन्तर १०० पटक  गरिएको । सुनुवाईलाइ रेडियो मितेरी ९८.२ मेगार्ह मार्फत ३ पटक प्रशारण र ३ पटक पुनः प्रशारण गरिएको थियो ।

## कार्यान्वयन चरण

हिलिहाङ गाँउ पालिकाको कार्यालयको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो ।  सहजकर्ताहरुद्वारा सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गरिएको थियो । कार्यक्रममा न्यायिक समितिबाट प्रवाह भएको कार्य प्रगती,न्याय सम्पादन प्रकृया र योजनाहरुको अनुगमन तथा राजस्व सकलन सम्वन्धि विविध जानकारी उपाध्यक्ष सुमित्रा उप्रेती सेढाँईबाट गरियो । कार्यक्रममा वडाहरुमा सञ्चालन भएका योजनाहरुको विषयमा वडाध्यक्ष, विषयगत समितिहरुले सञ्चालन गरेका गतिविधिको विषयमा सम्वन्धित विषयगत समितिका प्रमूखहरु र गाँउ पालिकाका दिर्घकालिन तथा दुरगामी महत्व राख्ने योजनाहरुको विषयमा अध्यक्ष र प्रमूख प्रशासकीय अधिकृतवाट प्रष्ट प्रश्तुतीकरण गरिएको थियो । वडाअध्यक्षहरुले प्रस्तुतीकरणमा वडा कार्यालबाट सहज रुपमा सेवा दिएको, सडक, शिक्षा, स्वास्थ्य लगाएका क्षेत्रहरुमा प्रभावकारी रुपमा गरेको बताएका थिए । त्यसपछि नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो । जिल्लाको लोकप्रिय रेडियो मार्फत प्रत्यक्ष प्रशारण गरिएको सार्वजनिक सुनुवाई संचालनको क्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा नरपालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो । आएका प्रश्नहरुको गाँउ पालिका का अध्यक्ष,उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखा प्रमूख सहित सरोकारवाल र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो । सार्वजनिक सुनुवाई उठेका सबालहरु सम्बोधन सहित सबैलाई धन्यवाद दिँदै गाँउ पालिका अध्यक्ष श्री समरवहादुर अधिकारीले समापन गर्नु भएको थियो ।

(७) **कार्यक्रममा भएका सवाल जवाफहरु**
**सवाल**

**जवाफ**

| | | | | |
|---|---|---|---|---|
| १ | सुरेन्द्र सुहाङ हिलिहाङ ५ | रुख कटानबाट पालिकाले राजस्व त लिइरहेको छ तर विरुवा रोप्न ध्यान दिएको छैन किन होला ? | समरवहादुर अधिकारी अध्यक्ष | विरुवा रोप्नका लागि गाउँपालिकाले योजना बनाँउछ । रुख काटेर मात्रै हुँदैन रोप्नु पनि पर्छ हामी यस विषयमा गम्भिर छौं । |
| २ | | प्राथमिक स्वास्थ्य केन्द्र गोपेटारका डाक्टरको सरुवा भयो अव नया कहिले ल्याउने ? | समरवहादुर अधिकारी गापा अध्यक्ष | पुरानो डाक्टर विदेश जानुभयो ।उहाँलाई रोक्न सकिएन । नया ल्याउनका लागि प्रकृया सुरु गर्छौ । डाक्टर ल्याएर सेवा दिन निरन्तर लागि परेका छौं । |
| ३ | | कृषि उत्पादनको पकेट क्षेत्र छुट्याएर कागती,जुनार र किवि जस्ता फलफुलको प्रवर्धन गरियोस | गापा अध्यक्ष | यो विषयमा पनि हामी कार्य पालिकामा छलफल गर्छौ । कुन ठाँउमा के उत्पादन हुन्छ अध्ययन गरेर पकेट क्षेत्रको योजना अगाडी वढ्छ । |
| ४ | | भूमिहिन हरुलाई धनीपुर्जा दिन अगाड वढाइएको योजना किन अलमलियो ? धनिपुर्जा कहिले पाँउने हो ? | गापा अध्यक्ष | हिलिहाङ गाउँपालिकाले भूमिहिन दलित र सुकुम्वासीलाई जग्गा वितरणको सवै काम सकेर जिल्लालाई जिम्मा दिएको छ ।अहिले भूमी आयोग विघठन भएकाले पनि समस्या भएको हो ।यस्मा हाम्रो भन्दा पनि संघीय सरकारकै कमजोरी छ । |
| ५ | | हिलिहाङ दरबार क्षेत्रमा सार्वजनिक सौचालय कहिले र कस्ले बनाउने हो ? | गापा अध्यक्ष | सार्वजनिक सौचालयका लागि आगामी आर्थिक वर्षमा वजेट विनियोजन हुन्छ । |
| ६ | नरबहादुर हेम्व्या हिलिहाङ २ | गाउँपालिकाले योजना निर्माण गर्दा दलहरुलाई वोलाँउदैन अझै साना दलहरुलाई त वास्तै गर्दैन किन यसो गरेको ? | गापा अध्यक्ष. | गाउँपालिकाले साना ठुला दल भनेर विभेद गर्दैन र गर्न पनि मिल्दैन । वडा तहदेखि पालिका सम्म वजेट वनाने विधि र पद्वती छ । त्यहि अनुसार हुन्छ । |
| ७ | | वडा नम्वर २ मा किराँत माङहिम बनाउने वजेट दिने कि नदिने ? | गापा अध्यक्ष | प्रकृयामा छिरेर वडाबाटै माग भएमा किराँत माङहिमका लागि वजेट विनियोजन गर्न समस्या छैन । |
| ८ | दावा वाङदी सेर्पा | हिहिहाङको ऐतिहासिक भोटे गडीको प्रवर्धनका लागि गाउँपालिका किन | गापा अध्यक्ष | पालिकाको वजेटले मात्रै पर्यटन प्रवर्धन हुन सक्दैन माथिल्लो तहका सरकारसँग समन्वय गरेर सवै पर्यटकीय क्षेत्रको |

| | | | | |
|---|---|---|---|---|
| | हिलिहाङ ३ | उदासिसन ? | | विकासका लागि अघि वढ्नेछौं । |
| ९ | | आदीवासी जनजाती महासंघ लक्षित कार्यक्रम विगतमा थियो यसपालि किन कटौती भयो हँ ? | प्रमूख प्रशासकीय अधिकृत टोपेन्द्र सावाँ | वजेट कटौती गरेको होइन तर समानिकरण र राजस्व वाँडफाँटको पैसा घटेर आएकाले कार्यक्रम नसमेटिएको हुनसक्छ । आगामी वर्षको योजना वनाउदा ख्याल गर्नेछौं । नोट भइसक्यो । |
| ९ | राजेन्द्र काफ्ले हिलिहाङ ७ | योजना सञ्चालन गर्दा कन्सल्टेन्सी वापतको चार प्रतिसत रकम गाउँपालिकामा रहन्छ यो खर्च चाँहि कहाँ हुन्छ हँ ? | | कन्सल्टेन्सी वापतको रकम खर्च गर्ने कार्य विधि छ पुजिगतमा ३० प्रतिसत र चालुमा ७० प्रतिसत सम्म खर्च गर्न मिल्छ तर यो भन्दा धेरै रकम पुजिगतमा खर्च भइसकेको छ । |
| १० | | सुभाङ बृहद खानेपानी योजनामा लापरवाहि छ सामान लथालिङ्ग छन अनुगमन गाउँपालिकाले किन नगरेको ? | सुमित्रा उप्रेती सेढाँइ उपाध्यक्ष | पालिकाले पालिका अन्तरगतकै योजना अनुगमनलाई प्राथमिकता राख्नु पर्छ । यसो भनिरहँदा सुभाङ खानेपानीको योजना अनुगमन गर्नु पर्दैन भनेको होइन । अनुकुलता मिलाएर गरिरहेका छौ र निरन्तर गर्छौं पनि । |
| ११ | | वन वातावरण र विपद पुर्व तयारी तथा प्रतिकार्य योजनाका लागि बजेट किन नछुट्याएको ? | कतैवाट | जवाफ आएन |
| १२ | धनराज पालुङवा वडा नम्बर ३ | सुकुम्वासीलाई जग्गा वितरण गर्ने प्रकृया किन अवरुद्ध भयो ? | समरवहादुर अधिकारी अध्यक्ष | यो विषयमा हामी गम्भिर छौं । भूमी आगोगमा नेतृत्व फेरवदल र आयोगकै कारण ढिलाइ भएको हो हामीले गर्ने प्रकृया सवै अगाडी वढिरहेकै छन । |
| १३ | राजेन्द्र काफ्ले हिलिहाङ ७ | वसाई सराईको सिफारिस लैजाँदा ५ हजार रुपैंया लिने गापाको निर्णय अव्यवहारिक छ यस्लाई सच्याउने कि ? | विरेन्द्र योङहाङ वडाध्यक्ष वडा नम्वर ३ | लाखौंको जायजेथा वेचेर ठाँउ नै माया मारेर जानेहरुका लागि ५ हजार रुपैंया धेरै होइन । यो त अझै बढाउनु पर्छ । गाँउपालिकाले गरेको निर्णय फिर्ता हुन्न |
| १४ | सन्तोष लिङदेन हिलिहाङ ३ | ज्येष्ठ नागरिक १ र २ नम्वर वडामा मात्रै छन ? अरु वडामा चाँहि किन सम्मान नगरेको ? | प्रकाश अधिकारी प्रमूख योजना शाखा | ज्येष्ठ नागरिक सवै वडामा हुनुहुन्छ । हामीले ज्येष्ठ नागरिक दिवस मनाउदा वडा नम्वर १ र २ मा कार्यक्रम गर्‍यौं । यो सुरुवात मात्रै हो । आगामी कार्यक्रममा सवै वडा समेट्छौं । |
| १५ | | अपाङ्गता भएका नागरिकलाई सिपमुलक तालिम दिने भनिएको ५० लाख वरावरको वजेट किन कार्यन्वयन नभएको ? | टोपेन्द्र सावाँ प्र प्र अ | यो वजेट कार्यन्वयन नभएको होइन विभिन्न क्लवष्टर बनाएर तालिम चलाउनु पर्ने छ । लक्षित समुदायको पहिचान भइरहेको छ । जति आवेदन पर्छन । त्यति नै तालिम चल्छन । केहिदिन समय चाँहि लाग्न सक्छ । |

| | | | | |
|---|---|---|---|---|
| १६ | कुमार लिङदेन हिलिहाङ १ | सार्वजनिक सुनुवाईमा सर्वसाधारणको उपस्थिति सोचे अनुसार भएन किन होला ? | प्रप्रअ | उपस्थिति कमी अवस्य भएको हो । तर हामीले सूचना सञ्चारमा कुनै कमजोरी गरेका छैनौ । पालिका र वडा मार्फत पनि खवर भएकै हो । रेडियो मितेरी सहित सञ्चार माध्यमहरुले पनि पर्याप्त सूचना बजाएकै छन । नागरिक प्रतिवेदन र अभिमत संङकलनमा पनि धेरै नागरिक समेटिनु भएको छ । |
| १७ | | प्रमूख प्रशासकीय अधिकृतले चढ्ने मोटरसाइकल अहिले देखिँदैन कहाँ गयो होला ? | | यो चाँहि मैले नै जवाफ दिनुपर्ने हुन्छ । त्यो मोटरसाइकल गत मंसिर महिनामा योजना आयोगको कार्यक्रममा सहभागी भएर फर्किदा उर्लावारीमा चोरी भयो । त्यो विषयमा मैले गाउपालिकालाई जानकारी गराएको छु कानून अनुसार प्रकृया अगाडी वढेको छ । |
| १८ | भूवन लिम्बू हिलिहाङ २ | कृषिमा ०.००३ प्रतिसत मात्रै वजेट छुट्याएर हिलिहाङको समृद्वी चाँहि हुन्छ कसरी ? | | जवाफ आएन |
| १९ | भगिश्वर योङहाङ हिलिहाङ ३ | वसाई सराई रोक्न गाउँपालिकाको योजना चाँहि के छ ? | गापा अध्यक्ष | कृषि पर्यटन र युवा उद्यमसिलताका कार्यक्रमलाई प्राथमिकता दिन्छौं । |
| | | गुणस्तरीय शिक्षा र प्रभावकारी स्वास्थ्यका सेवाका लागि अलिक गम्भिर पो हुने हो कि ? | गापा अध्यक्ष | यो विषयमा हामी गम्भिर छौं सुझाव मननयोग्य छ । |
| २० | लक्ष्मी सुहाङ वडा नम्वर ५ | अटिजम भएका विरामीलाई उपचारका लागि गापाले के गरिरहेको छ ? | चन्द्र घिमिरे प्रमूख स्वास्थ्य शाखा | अटिजम भएका विरामीलाई उपचारको दायरामा ल्याइएको छ । यस्ता विरामीको संख्या पालिका भरी ९ जना छ । |
| २१ | वहिर्गमन अभिमतबाट | योजना अनुगमनका लागि गाउँपालिकाले ढिलाई गर्छ र भुक्तानीमा पनि समस्या हुन्छ । योजना सकिनासाथ अनुगमन गरे के हुने ? | गापा उपाध्यक्ष | यो वर्ष अनुगमन भएकै छैन । यो समस्या पोहोर सालको हो । यो वर्ष समयमै अनुगमन गर्छौं । |

## ८, सुझाब खण्ड

सहभागीहरुबाट

हिलिहाङ गोल्डकप आयोजना गरियोस हर्कराज योङहाङ हिलिहाङ ३

हिलिहाङ दरवार र संग्रहालयलाई थप व्यवस्थित गरेर सिन्धुली गढी जस्तै शुल्क लिएर पर्यटक छिराउन शुरु गरियोस ।

वडाका बजारहरुमा फोहोर व्यवस्थापनका लागि आवस्यक नीति निर्माण गरियोस ।

वसाई सराइको सिफारिसमा लिने भनिएको ५ हजार रुपैंया दस्तुर धेरै भएकाले घटाउन पहल होस

कृषि उपज भण्डारणका लागि सित भण्डार निर्माण गरियोस ।

तरकारी र फलफुलको वजार व्यवस्थापन गरियोस ।

वडाका जनप्रतिनिधिहरुबाट :-

वडाबाट माग गरी पठाइएका योजनाहरु पालिकाले कटौती गर्ने गरेकाले त्यसो नगर्न सुझाव आएको ।

राजनैतिक भागभण्डाका आधारमा योजना र रकम बाँडफाँट नगर्न सुझाव आएको । तर योजना छनौटमा वडा स्तरीय दलको सहभागिता हुनुपर्ने सुझाव आएको ।

सम्पन्न योजनाको अनुगमन चाँडै नहुँदा भुक्तानीमा ढिलाइ हुने गरेकोले सम्पन्न हुनासाथ अनुमगन गर्न सुझाव आएको ।

प्राविधिकहरु वडामा नभेटिदा एक वडा एक प्राविधिकको व्यवस्था गर्नुपर्ने माग आएको ।

उपभोक्ताहरुका तर्फवाट

-लक्षित बर्गका लागि योजना र  कार्यक्रम सञ्चालन गर्न बजेट त छुटिन्छ तर त्यस्ता कार्यक्रम परम्परागत ढंगले गर्ने चलन छ यस्लाइ सुधार गर्नुपर्ने ।

गाँउ  र वडाले कृषि क्षेत्रमा गर्दै आएको लगानी बढाउनु जरुरी छ ।

वडा स्तरीय योजना तर्जुमा गर्दा सर्वदलिय बैठक वोलाउनुपर्ने

विद्यालय अनुगमन नभएकाले नियमित रुपमा अनिवार्य अनुगमन गर्नुर्ने ।

शैक्षिक क्षेत्रको उन्नयनका लागि सरोकारवालाको जोइन्ट इफोर्ट तयार गर्नुपर्ने ।

वडा तहसम्म शिक्षा सम्वन्धि योजना पर्याप्त हुनुपर्छ ।

पालिकाले भुक्तानी समयमा नदिदा असार मसान्तमा रातभर लाममा लागेर भुक्तानी लिनुपर्ने वाद्यता रहेकाले त्यस्को निराकरण गर्नुपर्ने ।

## *९,सार्वजनिक प्रतिवद्धता*

**सार्वजनिक सुनवाइमा कुनै गाँउ पालिका अध्यक्ष समरवहादुर अधिकारी र तत्कालिन अध्यक्ष भुवानीप्रसाद लिङदेनले सुझावहरुलाइ कार्यन्वयन गर्न आफुहरु तत्पर रहेको प्रतिवद्धता जनाउनुभयो ।**
**उपाध्यक्ष सुमत्रिा उप्रेतीले लक्षित वर्गको वजेट सहि ठाँउमा खर्च गर्नुपर्नेमा जोड दिँदै पालिकाको राजस्व बृद्वी र योजनाको समयमै अनुगमन गर्न पहल गर्ने प्रतिवद्धता जनाउनुभयो ।**
**पालिकाले वसाइ सराइ सिफारिसमा आफ्नो असहमति रहेकाले पुनरावलोकन गराउन आफु दृढ भएर लाग्ने उहाँको प्रतिवद्वता थियो ।**
**प्रमूख प्रशासकीय अधिकृत टोपेन्द्र सावाँले कार्यालय टिमलाई नियमित रहन र आ आफ्ना जिम्वेवारी पुरा गर्न प्रतिवद्वता माग गरिएको बताउनुभयो ।**
**एउटा वडामा वडा सचिवले वसाइ सराइ सिफारिस लिने कममा सेवाग्राहिबाट १५ सय रुपैंया पैसा लिएको विषयमा यसअघि नै सम्वन्धित व्यक्तिसँग स्पष्टिकरण मागिएकाले अव उप्रान्त त्यसो हुन नदिने प्रतिवद्वता जनाउनुभयो ।**
**वडा अध्यक्षहरुले वडाहरुमा बजेट विनियोजन सन्तुलित नभएकाले आवस्यकता र मागका आधारमा योजना अगाडी वढाउन पहल गर्ने प्रतिवद्धता जनाउनुभयो ।**
**प्रमूख प्रशासकीय अधिकृत र योजना शाखाका प्रमूखहरुले सार्वजनिक सुनुवाइमा आएका सुझावलाइ स्टाफ बैठकहरुमा समेत छलफल गरेर सुधार गर्ने प्रतिबद्वता जनाउनुभयो ।**

## *१०, कार्यक्रमका सवल पक्षहरु*

- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मी तथा सरोकारवाला र उपभोक्ताको सहभागीतामा संचालन गरिएको ।
- प्रत्येक वडाको भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको सूचना रेडियोवाट समेत प्रशारण गरिएको ।

- नगर प्रमूख उप प्रमूख ,वडाध्यक्षहरु र प्रशासकीय अधिकृत सहित विषयगत शाखा प्रमूखहरु जवाफदेहि बक्ताको रुपमा रहेका ।
- सार्वजनिक सुनुवाईको रेडियोवाट प्रत्यक्ष र पुनः प्रशारण गरिएको ।

**सुधार गर्नुपर्ने पक्षहरु**

- वडाहरुमा वडा अध्यक्ष सहित सबै वडाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने । सेवाग्राहि र उपभोक्ताहरुको सहभागिताका लागि वडाहरुले पनि पहल गर्नुपर्ने ।

***११,समस्याहरु***

***सहभागीहरु समयमा उपस्थित नहुने***

***विषयवस्तु दोहाऱ्याएर राख्दा समय धेरै खर्चिने***


## ***१२ निष्कर्ष :***

हिलिहाङगाँउ पालिकामा काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उदेश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । पालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले कृषी, खानेपानी, विद्युत क्षेत्रका समस्यासँगै , पर्यटन क्षेत्रको प्रबद्धन, संरक्षण र विकास, सडक निर्माण, पशु बिमा, कृषि कार्यक्रम, रिङ रोड निर्माण, पञ्च बर्षिय रणनीतिक योजनाको सार्वजनिक, खेलकुद, डोजर प्रयोग, ठाँउ ठाँउमा सार्वजनिक सौचालय निर्माण लगाएतका विषयमा प्रश्न तथा सुझाव दिएका थिए ।

गाँउ र वडा स्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल जवाफ पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए । कार्यविधिले ब्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । पालिका अध्यक्ष उपाध्यक्ष प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहितको सहभागीता रहेबाट पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । जिल्लाका कार्यालय प्रमुख, पालिकाका जिम्मेवार प्रतिनिधि सहित संचारमाध्यमहरुलाई समेत वडा तथा नगरपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक नियमित गर्न सके सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

***समाप्त***

*सार्वजनिक सुनुवाईको उपस्थिति*





**अनुसुची ३**

## सार्वजनिक सुनुवाइका तस्वीरहरु

,















# अनुसुची ३
# अभिमत रिपोर्ट




,